जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विद्युत खरिद बिक्री सम्बन्धी निर्देशिका, २०८२ (मस्यौदा)

प्रस्तावना : विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ (१) को प्रयोजनको लागि सोही ऐनको दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायको निर्देशिका बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भ : (१) यो निर्देशिकाको नाम "जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विद्युत खरिद बिक्री सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका आयोगले निर्णय गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :–,

(क) "आर्थिक बर्ष" भन्नाले श्रावण एक गते सुरु भई असार मसान्तमा समाप्त हुने बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(ख) "आधार बर्ष" भन्नाले जलाशययुक्त उत्पादन केन्द्रले व्यापारिक रूपमा विद्युत उत्पादन सुरु भएको आर्थिक बर्ष बुझ्नुपर्छ।

(ग) "आयोग" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापना भएको विद्युत नियमन आयोग सम्झनु पर्छ।

(घ) "उपलब्ध क्षमता" भन्नाले कुनै पनि जलाशययुक्त उत्पादन केन्द्रले दिनको कुनै पनि समयखण्ड (टाइम–ब्लक) मा वा दिनभर कनेक्सन बिन्दुमा उपलब्ध गराएको क्षमता (मेगावाट) सम्झनु पर्छ।

(ङ) "उत्पादन एकाइ" भन्नाले विद्युत केन्द्रमा विद्युत शक्ति उत्पादन गर्ने जडित प्रत्येक टर्वाइन र जेनेरेटरको सेट सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ।

(छ) "कनेक्सन विन्दु" भन्नाले कुनै जलाशययुक्त उत्पादन केन्द्रद्वारा उत्पादित विद्युत नेपालको राष्ट्रिय ग्रिडमा आबद्ध गर्ने प्रयोजनको लागि विद्युत बिक्रीकर्ता तथा ग्रिडको स्वामित्व रहने संस्था, दुवै पक्षको मिटर रहने सब–स्टेसन सम्झनु पर्दछ।

मस्यौदा

(ज) “काबु बाहिरको परिस्थिति” भन्नाले विद्युत खरिद बिक्री सम्झौताको कार्यान्वयन गर्न देहायको कुराहरु मध्ये सबै वा कुनै घटना घटी कुनै पक्षले आफुले पूरा गर्नु पर्ने काम वा दायित्व पूरा गर्न सम्भव नभएको बस्तुनिष्ट रुपमा प्रमाणित हुने परिस्थिति सम्जनु पर्छः

(अ) दैवी प्रकोप एवं प्राकृतिक विपत्ति (भूकम्प, आगलागी, ज्वालामुखी विष्फोटन, पहिरो, बाढी, आँधीवेहरी, चट्याङ वा अन्य त्यस्तै कारणले भएको दुर्घटना)

(आ) रेडियोएक्टिभ कन्ट्यामिनेसन भएमा,

(इ) कुनै महामारी रोग फैलिएमा,

(ई) लडाइँ, आन्तरिक विद्रोह, हड्‌ताल, बन्द वा नाकाबन्दी र यस्तै कारणबाट उत्पन्न विध्वंसात्मक कार्य,

तर, यसले बिक्रीकर्ता र खरिदकर्ता वा सो संग सम्बन्धित बन्द र हड्‌ताललाई जनाउने छैन।

(उ) खण्ड (अ) देखि (ई) बमोजिमका कारणले श्रमिक, मालसामान वा सेवा उपलब्ध हुन नसकी आयोजना निर्माण, परिक्षण वा सञ्चालन गर्न नसकेमा।

(झ) “किलोवाट-घण्टा” भन्नाले विद्युतीय ऊर्जाको मापन गर्ने एकाइ सम्झनु पर्छ र सो शब्दले एक किलोवाट विद्युतीय शक्ति एक घण्टा खपत गर्दा उपयोग हुने विद्युतीय ऊर्जालाई जनाउँछ।

(ञ) “खरिद बिक्री दर समायोजन” भन्नाले खरिद बिक्री दर पुनः निर्धारणको क्रममा खरिद बिक्री दर लागू भएको अवधिको वास्तविक वित्तीय विवरणका आधारमा विद्युत बिक्रीकर्ताले प्रक्षेपित बार्षिक स्थिर लागत वा सो को कुनै उपशिर्षक अन्तर्गतको लागत भन्दा बढि वा घटी रकम उठाएको यकिन गरी त्यस्तो प्रक्षेपित बार्षिक स्थिर लागत वा सो को कुनै उपशिर्षक अन्तर्गतको लागत र उठाएको वास्तविक रकम बीचको भिन्नतालाई आगामी खरिद बिक्री दर निर्धारण गर्दा मिलान गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ट) “ग्रिड संहिता” भन्नाले नेपाल विद्युत ग्रिड संहिता, २०८० सम्झनु पर्छ।

मस्यौदा

(ठ) "घोषित उपलब्धता" भन्नाले नेपाल विद्युत ग्रिड संहितामा उल्लेख भएबमोजिम जलाशययुक्त विद्युत उत्पादन केन्द्रले निश्चित समयखण्ड (टाइम ब्लक) मा वा दिन भर कनेक्सन बिन्दुमा उपलब्ध गराउन सक्ने भनी बिक्रीकर्ताले घोषणा गरेको क्षमता (मेगावाट) सम्झनु पर्छ।

(ड) "जडित क्षमता" भन्नाले विद्युत उत्पादन अनुमतिपत्रमा उल्लेख भए अनुसारको जलाशययुक्त उत्पादन केन्द्रको उत्पादन क्षमता सम्झनु पर्छ।

(ढ) "जलाशययुक्त उत्पादन केन्द्र" भन्नाले देहायबमोजिमको मापदण्ड पूरा हुने गरी डिजाइन भएको आयोजना सम्झनु पर्छ :

(अ) न्यूनतम् पन्ध्र दिन निरन्तर पूर्ण क्षमतामा संचालन गर्न आवश्यक पर्ने पानीको आयतन (वातावरणीय वहाव कायम गर्न आवश्यक पर्ने बाहेक) सञ्चय गर्न सक्ने सक्रिय जलभण्डारण क्षमता (एक्टिभ स्टोरेज क्यापासिटी) भएको,

(आ) कम्तिमा पचास बर्षसम्म गेग्रान (सेडीमेन्ट) ले नभरिने निष्क्रिय जलभण्डारण क्षमता (डेड स्टोरेज क्यापासिटी) भएमा,

(इ) सुख्खा यामको ऊर्जा उत्पादन कुल बार्षिक ऊर्जा उत्पादन परिमाणको कम्तिमा पैंतीस प्रतिशत भएको।

(ण) "डिस्प्याच" भन्नाले प्रणाली सञ्चालकले सेड्युल गरेको विद्युतीय ऊर्जा वा पूरक सेवा उत्पादन गरी ग्रिडमा पठाउने कार्य सम्झनु पर्छ।

(त) "पक्ष" भन्नाले "विद्युत खरिदकर्ता" वा "विद्युत बिक्रीकर्ता" वा दुवै सम्झनु पर्छ।

(थ) "प्रस्ताव" भन्नाले विद्युत बिक्रीकर्ताले आफ्नो विद्युत उत्पादन केन्द्रबाट उत्पादित विद्युतको खरिद बिक्री दर निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौता, विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारणको लागि विद्युत खरिदकर्ता समक्ष प्रस्ताव पेश गर्ने कार्य सम्झनु पर्छ।

(द) "प्रणाली सञ्चालक" भन्नाले प्रचलित कानूनबमोजिम विद्युत प्रणाली सञ्चालनको जिम्मेवारी प्राप्त निकाय सम्झनु पर्छ।

मस्यौदा

(ध) "प्रसारण दस्तुर" भन्नाले प्रसारण प्रणाली प्रयोग गरे बापत तिर्नु वा बुझाउनु पर्ने दस्तुर सम्झनु पर्छ।

(न) "पिक अवधि" भन्नाले बेलुकी ५ बजे देखि राती ११ बजे सम्म वा प्रणाली संचालनद्वारा समय समयमा तोकिने उच्च माग हुने बढीमा दिनको छ घण्टाको समयावधी सम्झनु पर्छ।

(प) "पूरक सेवा (एन्सिलरी सर्भिसेस्)" भन्नाले विद्युत प्रणालीको स्थिरता, विश्वसनियता तथा सुरक्षात्मक उपाय एवम् विद्युतको गुणस्तर कायम राखी प्रणाली सञ्चालनमा सहयोग पुर्याउन विद्युत उत्पादन केन्द्रले प्रदान गर्ने सेवा सम्झनु पर्छ।

(फ) "बार्षिक उत्पादन उपलब्धताको मानक (नर्मेटिभ एनुअल प्लान्ट एभाइलेबिलिटि फ्याक्टर)" भन्नाले कुनै जलाशययुक्त उत्पादन केन्द्रले जडित क्षमताका आधारमा एक बर्षभरिमा सञ्चालनयोग्य अवस्थामा रही उत्पादन गर्न सक्ने समयको प्रतिशत सम्झनुपर्छ।

(ब) "बार्षिक स्थिर लागत" भन्नाले कुनै उत्पादन अनुमति पत्र प्राप्त व्यक्तिको कुनै उत्पादन केन्द्रको एक आर्थिक वर्षको विद्युत् उत्पादनको परिमाणका आधारमा परिवर्तन नहुने दफा (१२) बमोजिमको खर्चहरूको कुल योगलाई जनाउँछ।

(भ) "मासिक करार ऊर्जा" भन्नाले कुनै खास महिनामा जलाशययुक्त उत्पादन केन्द्रले विद्युत खरिदकर्तालाई उपलब्ध गराउनु पर्ने ऊर्जाको परिमाण सम्झनु पर्छ।

(म) "नन पिक अवधि (आवर)" भन्नाले दिनको पिक अवधि बाहेकको बाँकी घण्टाको समयावधीलाई सम्झनु पर्छ।

(य) "व्यापारिक उत्पादन सुरु हुने मिति (कमर्सियल अपरेसन डेट)" भन्नाले कुनै पनि जलाशययुक्त उत्पादन केन्द्र वा सो अन्तर्गतका उत्पादन एकाइले व्यापारिक रुपमा विद्युत उत्पादन प्रारम्भ गरेको मिति सम्झनु पर्छ।

(र) "वित्तीय व्यवस्थापन" भन्नाले जलाशययुक्त आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति तथा जलाशययुक्त उत्पादन केन्द्रमा ऋण लागानी गर्ने संस्था बीचको ऋण लगानी सम्बन्धी सम्झौताको कार्य सम्झनु पर्छ।

मस्यौदा

(ल) “विद्युत खरिद बिक्री सम्झौता” भन्नाले यो निर्देशिका बमोजिम विद्युत खरिद–बिक्रीको लागि विद्युत खरिदकर्ता र जलाशययुक्त आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिका बीचमा गरिने करार सम्झनु पर्दछ।

(व) “विद्युत खरिदकर्ता” भन्नाले यो निर्देशिका बमोजिम दीर्घकालीन विद्युत खरिद बिक्री सम्झौता अन्तर्गत विद्युत खरिद गर्ने विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्युत खरिद गर्न प्रस्ताव पेस गर्ने विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्ति समेतलाई जनाउँछ।

(श) “विद्युत खरिद बिक्री दर” भन्नाले यो निर्देशिका बमोजिम विद्युत खरिद बिक्रीको लागि आयोगबाट निर्धारण गरिएको विद्युत खरिद बिक्री दर सम्झनु पर्छ।

(ह) “विवेकसम्मत परीक्षण” भन्नाले उत्पादन अनुमति प्राप्त व्यक्तिले आफ्नो काम कारबाही सञ्चालनका लागि खर्च गरेको वा खर्च गर्न प्रस्ताव गरेको रकम वा अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारवाहीसंग सम्बन्धित अन्य विवरण उपयुक्त, कानूनसम्मत, तर्कसङ्गत एवम् पूर्ण भए नभएको जाँच वा परीक्षण गर्ने कार्य सम्झनु पर्छ।

(स) “विद्युत बिक्रीकर्ता” भन्नाले यो निर्देशिका बमोजिम विद्युत विक्री गर्ने प्रचलित कानुन बमोजिम उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्युत बिक्री गर्न प्रस्ताव पेस गर्ने विद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति समेतलाई जनाउँछ।

(ह) “सन्दर्भ बर्ष” भन्नाले विद्युत खरिद बिक्री दर निर्धारण, पुनरावलोकन तथा पुनः निर्धारण हुने आर्थिक बर्ष सम्झनु पर्छ।

(क्ष) “सुख्खा याम” भन्नाले मङ्सिर १६ गते देखि जेष्ठ १५ गतेसम्मको अवधिलाई सम्झनु पर्छ।

(त्र) “सेड्युलिङ” भन्नाले प्रणाली सञ्चालकले कुनै पनि टाइम ब्लक अथवा तोकिएको कुनै समय खण्डमा उत्पादन गर्ने वा ग्रिडमा प्रवेश गराउने भनी तय गरेको तालिका अनुरुपको “मेगावाट” अथवा “मेगावाट–घण्टा” मा उल्लेख गरेअनुरुपको विद्युतीय ऊर्जा वा पूरक सेवालाई सम्झनु पर्छ।

मस्यौदा

परिच्छेद – २

<u>विद्युत खरीद बिक्रीको दर निर्धारण तथा सम्झौता सहमति प्रक्रिया</u>

३. <u>निवेदन दिनु पर्ने</u> : (१) जलाशययुक्त उत्पादन केन्द्रको विद्युत खरिद बिक्रीको दर निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको लागि विद्युत बिक्रीकर्ताले विद्युत खरिदकर्तासमक्ष आवश्यक कागजातहरु सहित प्रस्ताव पेस गर्नुपर्नेछ।

तर, यस निर्देशिका बमोजिम विद्युत खरिद बिक्रीको दर निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको लागि प्रस्ताव पेश गर्दा आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भएको हुनु पर्नेछ।

(२) विद्युत खरिदकर्ताले उपदफा (१) बमोजिमको प्रस्ताव प्राप्त गरेको एक सय असी दिन भित्र यो निर्देशिका तथा आयोगले जारी गरेका अन्य नियामकीय उपकरणले तोकेका आधारहरु बमोजिम आवश्यक प्राविधिक तथा वित्तीय विश्लेषण गर्दा विद्युत खरिद बिक्री गर्न उपयुक्त देखिएमा यो निर्देशिकाले तोकेका आधार बमोजिम विद्युत खरिद बिक्री दर गणना गरी खरिद बिक्री दर सहितको विद्युत खरिद बिक्री सम्झौतामा सहमतिका लागि अनुसूची– १ मा उल्लेखित कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित प्रस्तावकलाई दिनुपर्नेछ।

तर, त्यस्तो विश्लेषण गर्दा विद्युत खरिद गर्न उपयुक्त नदेखिएमा सो को कारण उल्लेख गरी आयोग र प्रस्तावकलाई जानकारी दिनुपर्नेछ।

(३) विद्युत खरिदकर्ताले उपदफा (२) बमोजिम विश्लेषण गर्दा विद्युत प्रणाली सञ्चालक तथा प्रणाली योजना सम्बन्धी जिम्मेवार निकायको लिखित रायसमेत लिनुपर्नेछ।

४. <u>विद्युत खरिद बिक्री दरमा पुनरावलोकन</u> : (१) विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएका जलाशययुक्त उत्पादन केन्द्रबाट उत्पादित विद्युतको विद्युत खरिद बिक्री दर पुनरावलोकनको लागि विद्युत बिक्रीकर्ताले देहायको चरण पार भएपश्चात विद्युत खरिदकर्तासमक्ष आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नु पर्नेछ।

(क) आयोजनासंग सम्बन्धित सम्पूर्ण संरचनाहरुको निर्माणका लागि ठेक्का सम्झौता सम्पन्न भएको एक महिना भित्र,

(ख) उत्पादन केन्द्रबाट व्यापारिक उत्पादन सुरु हुने मितिको एक बर्ष भित्र।

(२) विद्युत खरिदकर्ताले उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्रस्ताव प्राप्त भए पश्चात नब्बे दिन भित्र पुनः वित्तीय विश्लेषण गर्दा कायम हुन आउने नयाँ विद्युत खरिद बिक्री दरमा सहमतिका लागि आवश्यक पुष्ट्याई सम्बन्धी कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित विद्युत बिक्रीकर्तालाई दिनुपर्नेछ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) को खण्ड (ख) अनुरुप दर पुनरावलोकनको क्रममा प्रयोग गरिने पूँजीगत लागत उपदफा (१) खण्ड (क) बमोजिम दर गणना गर्न प्रयोग गरिने पूँजीगत लागतको ..... प्रतिशतभन्दा बढि भएको पाइएमा त्यस्तो दर निर्धारण प्रयोजनको लागि पूँजीगत लागत उपदफा (१) खण्ड (क) बमोजिम दर निर्धारण गर्न प्रयोग गरिने पूँजीगत लागतको ..... प्रतिशतले मात्र वृद्धि भएको मानिनेछ।

५. <u>विद्युत खरिद बिक्री दर पुनः निर्धारण</u> : (१) विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएका जलाशययुक्त उत्पादन केन्द्रहरुबाट उत्पादित विद्युतको खरिद बिक्री दर सो केन्द्रको व्यापारिक उत्पादन सुरु हुने मितिले पाँच बर्ष पश्चात प्रत्येक आगामी पाँच बर्षको अवधिका लागि पुनः निर्धारण गर्नु पर्नेछ।

(२) विद्युत बिक्रीकर्ताले उपदफा (१) बमोजिमको अवधि सुरु हुनु कम्तिमा छ महिना अगावै पुष्ट्याई विवरणसहित विद्युत खरिदकर्ता समक्ष खरिद बिक्री दरको पुनः निर्धारणको प्रस्ताव पेस गर्नुपर्नेछ।

(३) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको दीर्घकालीन उपयोगिताका लागि अतिरिक्त पूँजीगत कार्य गर्नु पर्ने देखिएमा विद्युत बिक्रीकर्ताले उपदफा (२) बमोजिम प्रस्ताव पेस गर्दा आवश्यक अतिरिक्त पूँजीगत कार्य सम्बन्धी अध्ययन प्रतिवेदन पेश गर्न सक्नेछन्।

(४) विद्युत खरिदकर्ताले उपदफा (२) बमोजिम पुनः निर्धारणको लागि प्रस्ताव प्राप्त भए पश्चात नब्बे दिन भित्र पुनः वित्तीय विश्लेषण गर्दा कायम हुन आउने नयाँ विद्युत खरिद बिक्री दरमा सहमतिका लागि आवश्यक पुष्ट्याई सम्बन्धी कागजात सहित आयोगसमक्ष निवेदन दिनुपर्नेछ र सो को लिखित जानकारी सम्बन्धित विद्युत बिक्रीकर्तालाई दिनुपर्नेछ।

६. <u>शुल्क बुझाउनु पर्ने</u> : दफा ३, दफा ४ वा दफा ५ बमोजिम आयोगसमक्ष निवेदन पेश गर्दा विद्युत बिक्रीकर्ताले अनुसूची– २ बमोजिमको सेवा शुल्क जम्मा गरी सोको रसिद समेत निवेदनका साथ पेश गर्नुपर्नेछ।

मस्यौदा

७. <u>पूर्ण वित्तीय विश्लेषण पेश गर्नु पर्ने</u> : (१) यो निर्देशिका बमोजिम जुनसुकै चरणमा खरिद बिक्री दर निर्धारण गर्नका लागि आयोगसमक्ष निवेदन पेश गर्दा विद्युत खरिदकर्ताले गणना विधि, आधार र पूर्वानुमानहरु समेत खुलाई वित्तीय विश्लेषणसहितको प्रक्षेपित/अनुमानित विवरणहरु पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पेश गर्दा विद्युत खरिदकर्ताले वित्तीय विश्लेषणको इडीटेबल इलेक्ट्रोनिक प्रति समेत आयोगसमक्ष पेश गर्नुपर्नेछ।

८. <u>आयोगले निवेदन उपर कारबाही गर्ने</u> : (१) यो निर्देशिका बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण गर्नु र विद्युत खरिद विक्री सम्झौतामा सहमति दिनु वा विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारण गर्नु पूर्व आयोगले विद्युत खरिदकर्ताले पेश गरेको निवेदनको विवेकसम्मत परीक्षण गर्नेछ।

(२) आयोगले उपदफा (१) बमोजिमको विवेकसम्मत परीक्षण गर्ने क्रममा विद्युत खरिदकर्ता तथा विद्युत बिक्रीकर्तासंग थप विवरण माग गर्न सक्नेछ।

(३) यो निर्देशिका बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण गर्नु र विद्युत खरिद बिक्री सम्झौतामा सहमति दिनु वा विद्युत खरिद बिक्री दर पुनः निर्धारण गर्नु पूर्व आयोगले सार्वजनिक सूचना तथा सार्वजनिक सुनुवाई मार्फत सरोकारवालाहरुसंग राय, सुझाव तथा प्रतिक्रिया समेत माग गर्नु पर्नेछ।

(४) आयोगले विद्युत खरिद बिक्री सम्झौता तथा विद्युत खरिद बिक्री दर निर्धारण वा विद्युत खरिद बिक्री दर पुनः निर्धारण सम्बन्धी निर्णय गर्दा उपदफा (३) बमोजिमको प्राप्त राय, सुझाव तथा प्रतिक्रियालाई समेत आधार लिनेछ।

(५) उपदफा (१) बमोजिम विवेकसम्मत परीक्षण गर्दा निवेदनमा उल्लेखित विवरण तथा प्रस्तावित दर उपयुक्त नलागेमा वा सो दर प्रस्ताव गर्दा आवश्यक प्रक्रिया अवलम्बन नभएको पाइएमा आयोगले थप विश्लेषण तथा प्रक्रिया अवलम्बन गराई आवश्यक परिमार्जन सहित प्रस्तावित खरिद बिक्री दर स्वीकृत गर्न सक्नेछ र सो को जानकारी विद्युत खरिदकर्तालाई दिनेछ।

तर, आवश्यक प्रक्रिया अवलम्बन हुन नसकेको वा वित्तीय विश्लेषण चित्तबुझ्दो नभएको अवस्थामा आयोगले त्यस्तो निवेदन अस्वीकृत समेत गर्न सक्नेछ।

(६) दफा ५ बमोजिम विद्युत खरिद बिक्री दर पुनः निर्धारण गर्दा दफा ५ उपदफा (१) बमोजिमको विगतको अवधिका संचालन तथा मर्मत खर्च, दीर्घकालीन ऋणको व्याज र विदेशी विनिमयबापतको नाफा वा नोक्सानी अन्तर्गतका शिर्षकको प्रक्षेपित खर्च र यथार्थ खर्चहरुमा भिन्नता

भएमा आवश्यक थप विश्लेषण गरी यो निर्देशिकामा उल्लेखित आधारहरु बमोजिम आगामी अवधिको दर निर्धारण गर्दा विद्युत खरिद बिक्री दर समायोजन गरिनेछ।

परिच्छेद – ३

विद्युत केन्द्रसम्बन्धी प्राविधिक सर्त तथा नियन्त्रण गर्न सकिने र नसकिने विषयहरु

९. प्राविधिक सर्त पूरा गर्नुपर्ने : (१) जलाशययुक्त उत्पादन केन्द्रले ग्रिड संहिता र अनुसूची– ३ बमोजिमको सञ्चालन सम्बन्धी प्राविधिक सर्त पूरा गर्नुपर्नेछ।

(२) ग्रिड संहितामा उल्लेख भए बाहेकका सर्तको मान (भ्याल्यु) प्रणालीगत आवश्यकताका आधारमा प्रणाली सञ्चालकले निर्धारण गरेबमोजिम हुनेछ।

१०. नियन्त्रण गर्न सकिने र नसकिने विषयहरु : (१) विद्युत खरिद बिक्री दर निर्धारण, पुनरावलोकन वा पुनः निर्धारण गर्दा प्रयोजनको लागि देहायबमोजिमका विषयहरु नियन्त्रण गर्न सकिने विषयहरु हुनेछन्:

(क) उत्पादन कम्पनीको ठेकदार अथवा आपूर्तिकर्ता अथवा कुनै प्रतिनिधि (एजेन्ट) का कारण जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माण कार्यमा बिलम्ब हुनु,

(ख) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको स्वीकृत दायरा (स्कोप) परिवर्तन, कानूनमा परिवर्तन एवम् काबु बाहिरको परिस्थिति भए बाहेक जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माण दक्षतापूर्ण भए नभएको विषय।

(२) विद्युत खरिद बिक्री दर निर्धारण, पुनरावलोकन वा पुनः निर्धारण देहायबमोजिमका विषयहरुलाई नियन्त्रण गर्न नसकिने विषयहरु हुनेछन्:

(क) काबु बाहिरको परिस्थिति,

(ख) कानूनमा परिवर्तन।

११. नियन्त्रण गर्न सकिने र नसकिने विषयहरुको प्रभाव : (१) नियन्त्रण गर्न नसकिने विषयहरुका कारण जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माण लागतमा वृद्धि हुने वा निर्माण अवधिको कुल व्याज खर्च वृद्धि हुने वा व्यापारिक उत्पादन मिति पछि सर्ने भएमा त्यस्ता विषयका कारण वृद्धि हुने लागतलाई दफा ४ को उपदफा (३) ले तोकेको भन्दा बढी नहुने गरी विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारण र वृद्धि हुने समयलाई व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति संसोधनको लागि स्वीकृत गर्न सकिनेछ।

मस्यौदा

तर, यस दफामा नियन्त्रण गर्न नसकिने विषयहरुका कारण विद्युत खरिद बिक्री दर तथा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति पुनरावलोकन गर्दा सो विषयहरुको कारण आयोजनामा वास्तविक रुपमा प्रभाव पर्ने वा परेको प्रमाणित गर्ने विवरण आयोगसमक्ष पेस गर्नुपर्नेछ।

(२) नियन्त्रण गर्न सकिने विषयहरुका कारण जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माण लागतमा वृद्धि हुने वा निर्माण अवधिको कुल व्याज खर्च वृद्धि हुने वा व्यापारिक उत्पादन मिति पछि सर्ने भएमा विद्युत खरिद बिक्री दर तथा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति पुनरावलोकन हुने छैन।

## परिच्छेद – ४

## वित्तीय विश्लेषण तथा विद्युत खरिद बिक्री दरको निर्धारणका आधार

१२. विद्युत खरिद बिक्री दर निर्धारणका आधार : विद्युतको खरिद बिक्री दर निर्धारण गर्ने प्रयोजनका लागि देहायका आधारहरु हुने छन्:

(अ) ह्रास कट्टी,

(आ) दीर्घकालीन तथा मानक ऋणको ब्याज,

(इ) सञ्चालन तथा सम्भार खर्च,

(ई) स्वपूँजी लगानी बापतको प्रतिफल,

(उ) चालु पूँजीको व्याज,

(ऊ) विदेशी मुद्रा विनिमय बापतको खर्च,

(ऋ) रोयल्टी,

(ए) आयकर।

१३. ह्रास कट्टी : (१) सम्पत्तिको ह्रास कट्टीका लागि लिइने आधार मूल्य त्यस्तो सम्पत्तिको वास्तविक लागत (हिस्टोरिकल कस्ट) बमोजिम हुनेछ।

(२) सम्पत्तिको ह्रास कट्टीको गणना प्रचलित कानूनमा तोके बमोजिम स्ट्रेट लाइन विधि अनुसार बार्षिक रुपमा हुनेछ।



मस्यौदा

(३) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विद्युत खरिद बिक्री सम्झौता अवधि भित्र फेर्नुपर्ने सम्पत्तिको हकमा अवशिष्ट मूल्य (रेजिड्युअल भ्याल्यु) दश प्रतिशत मानिनेछ र सम्पत्तिको वास्तविक लागतको नब्बे प्रतिशतसम्म ह्रास कट्टी गर्न सकिनेछ।

तर, जलाशययुक्त विद्युत उत्पादन केन्द्रको खरिद बिक्री सम्झौता वा अनुमतिपत्रको अवधिको अन्त्य पश्चात त्यस्तो उत्पादन केन्द्र नेपाल सरकार वा प्रचलित कानून बमोजिम अन्य कुनै निकायलाई शून्य लागतमा हस्तान्तरण गर्दा सञ्चालनमा रहने सम्पत्तिको अवशिष्ट मूल्य (रेजिड्युअल भ्याल्यु) हस्तान्तरणको मितिसम्म शून्य भइसक्ने गरी ह्रास कट्टी गर्नु पर्नेछ।

(४) विद्युतसंग सम्बन्धित पूर्वाधार वा संरचना रहेको जग्गा बाहेकका उत्पादन अनुमति प्राप्त व्यक्तिको नाममा रहेका जग्गाको ह्रास कट्टी हुने छैन।

(५) विद्युत खरिद बिक्री दर पुनः निर्धारणको क्रममा उपदफा (१) बमोजिमको सम्पत्तिको वास्तविक लागत गणना गर्दा उपयुक्त तथा तर्कसङ्गत अतिरिक्त पूँजीगत कार्यलाई समेत समावेश गरिनेछ।

(६) सम्पत्ति सञ्चालनको पहिलो बर्षदेखि ह्रास कट्टी गर्न गरिनेछ।

तर सम्पत्ति सञ्चालनमा आएको आर्थिक बर्षको हकमा ह्रास कट्टी सो सम्पत्ति संचालनमा आएको मिति देखि सो आर्थिक बर्षको अन्त्यसम्मको समयावधिको आधारमा समानुपातिक रुपमा गरिनेछ।

(७) आयोगले जलाशययुक्त विद्युत उत्पादन केन्द्रको सम्पत्ति (उपकरणसमेत) को आयु नतोक्दासम्म अनुमति प्राप्त व्यक्तिले उपकरणको आपूर्तिकर्ताले उपलब्ध गराई प्रमाणित गरेको आयु सम्बन्धी विवरण सम्पत्तिको ह्रासकट्टी गणना गर्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

(८) ह्रास कट्टीका सम्बन्धमा यो निर्देशिकामा उल्लेख नभएका व्यवस्थाको सम्बन्धमा लेखाका सर्वमान्य र प्रचलित सिद्धान्त बमोजिम हुनेछ।

१४. <u>दीर्घकालीन ऋण भुक्तानी अवधि र व्याज</u> : (१) दफा ३ बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण प्रयोजनका लागि दीर्घकालीन ऋणको भुक्तानी अवधि अधिकतम २० बर्ष हुनेछ।

तर, जलाशययुक्त उत्पादन केन्द्र निर्माणका लागि विभिन्न स्रोतहरुबाट दीर्घकालीन ऋण लगानी हुने अवस्थामा त्यस्ता ऋणहरुको भुक्तानी अवधिको अधिकतम भारित औसत २० बर्ष हुनेछ।

मस्यौदा

मस्यौदा

(२) दफा ३ बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण प्रयोजनका लागि जलाशययुक्त उत्पादन केन्द्र निर्माणका लागि लिइने दीर्घकालीन ऋणको ब्याज गणना गर्दा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने नेपालका सबै वाणिज्य बैंकहरु ("क" बर्ग) को आधार दर (बेस रेट) सम्बन्धी विवरण अनुरुप गणना गरिएको पछिल्लो पाँच आर्थिक बर्षको अन्तिम महिना (आषाढ) को औसत आधार दर (बेस रेट) मा दुई सय आधार विन्दु (बेसिस पोइन्ट) थप गरी निर्धारण गरिनेछ।

तर, अन्तर्राष्ट्रिय संघ संस्थाबाट कर्जा लिई जलाशययुक्त उत्पादन केन्द्र निर्माण हुने अवस्थामा विगतमा त्यस प्रकृतिका संस्थाबाट जलविद्युत आयोजनाहरुमा नेपालले प्राप्त गरेको ऋणको व्याजदरका आधारमा दीर्घकालीन ऋणको ब्याज दर निर्धारण गरिनेछ।

(३) दफा ४ र ५ बमोजिम विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारण गर्दा वित्तीय व्यवस्थापन सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिमको ब्याजदरका आधारमा दीर्घकालीन ऋणको ब्याज दर निर्धारण गरिनेछ।

(४) उपदफा (३) प्रयोजनको लागि प्रयोग गरिने ब्याजदर परिवर्तनशील (फ्लोटिङ्) भएमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋणको हकमा उपदफा (२) बमोजिम र अन्तर्राष्ट्रिय संघ-संस्थाबाट लिइएको हकमा फेडेरल रिजर्भ बैंक अफ न्यूयोर्कबाट प्रकाशित हुने पछिल्लो पाँच बर्षको बार्षिक सेक्युर्ड ओभरनाइट फाइन्यान्स रेट (सोफर) मा एक सय आधार विन्दु थप गरी निर्धारण गरिनेछ।

(५) विद्युत बिक्रीकर्ताले विभिन्न माध्यमबाट दीर्घकालीन ऋणहरु लिने भएमा त्यस्ता ऋणहरुको भारित औसतका आधारमा व्याजको दर निर्धारण गर्न सकिनेछ।

(६) प्रारम्भिक वित्तीय विश्लेषणको लागि जलाशययुक्त विद्युत उत्पादन केन्द्रको व्यापारिक उत्पादन सुरु हुने मितिको तीन महिना पछिको अवधिपश्चात मात्रै ऋणको किस्ता चुक्ता गर्न सुरु भएको मानिनेछ।

तर, दफा ४ र ५ बमोजिम विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारण गर्दा वित्तीय व्यवस्थापन सम्बन्धी सम्झौतामा उल्लेख भएको अवधि पश्चात ऋणको किस्ता चुक्ता गर्न सुरु भएको मानिनेछ।

(७) अल्पकालीन ऋण तथा अन्य प्रयोजनका लागि लिइएको ऋणको व्याजबापतको रकम यस दफाबमोजिम व्याजको गणनाको लागि प्रयोग गरिने छैन।

(८) दफा २३ को उपदफा (१) बमोजिम तोकिएको ऋण–स्वपूँजी अनुपात भन्दा अधिक हुने गरी स्वपूँजी लगानी भएमा त्यसरी तोकिएको भन्दा अधिक स्वपूँजीलाई मानक (नर्म्याटिभ) ऋण मानी दिर्घकालीन ऋण भुक्तानी अवधि भरीमा त्यस्तो मानक ऋणवापत ऋण भुक्तानीको भारित औसत अवधि भरीका लागि उपदफा (२) बमोजिमको औसत ब्याज दरको आधारमा व्याज प्रदान गर्ने गरी खरिद बिक्री दर गणना गरिनेछ।

तर,

(क) त्यस्तो ब्याज रकम नेपाली रुपैयाँमा गणना गरिनेछ।

(ख) दीर्घकालीन ऋण चुक्ता अवधि समाप्त भए पश्चात त्यस्तो अतिरिक्त स्वपूँजी वापत कुनै ब्याज वा प्रतिफलको गणना गरिने छैन।

(९) विद्युत खरिद बिक्री दर पुनः निर्धारणको क्रममा अघिल्लो पाँच बर्षे अवधिका लागि प्रक्षेपित दीर्घकालीन ऋण खर्चको तुलनामा वास्तविक दीर्घकालीन ऋण खर्च फरक पर्न गएमा वास्तविक दीर्घकालीन ऋण खर्चलाई आधार लिइनेछ।

१५. <u>सञ्चालन तथा सम्भार खर्च</u> : (१) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको सञ्चालन तथा सम्भार खर्चमा देहायबमोजिमका खर्चहरु रहनेछन्:

(क) कर्मचारीको तलब, भत्ता, सेवा, सुविधा, वृत्ति विकास, आदि बापतको खर्च,

(ख) उपकरणको आवधिक मर्मत तथा सम्भार खर्च,

(ग) सिभिल संरचनाहरुको आवधिक मर्मत सम्भार खर्च,

(घ) वातावरणीय एवम् नियामकीय अनुपालन सम्बन्धी दस्तुर, कानूनी शुल्क, आदि,

(ङ) इन्धन, विद्युत तथा जलसम्बन्धी खर्च,

(च) प्रणाली सञ्चालन तथा प्रसारण दस्तुर (कुनै भए)

(छ) बिमा खर्च,

(ज) प्रशासनिक खर्च एवम् ओभरहेडहरु,

(झ) मौज्दातहरु,

(ञ) धरौटी तथा बैंक ग्यारेन्टीबापतको लागतहरु,

(ट) अन्य स्वीकार्य चालु प्रकृतिका खर्चहरु।

(२) सञ्चालन तथा सम्भार खर्चबापत आधार बर्षको लागि दुई सय मेगावाट भन्दा अधिक क्षमताका जलाशययुक्त विद्युत उत्पादन केन्द्रको हकमा जलाशययुक्त उत्पादन केन्द्र निर्माणको अनुमानित पूँजीगत लागतको अधिकतम एक दशमलब पाँच प्रतिशत छुट्याइने छ भने दुई सय मेगावाट भन्दा कम क्षमताका जलाशययुक्त विद्युत उत्पादन केन्द्रको हकमा अधिकतम दुई प्रतिशत छुट्याइनेछ।

तर विद्युत खरिद बिक्री दर पुनः निर्धारणको क्रममा अघिल्लो पाँच बर्ष अवधिका लागि प्रक्षेपित सञ्चालन तथा सम्भार खर्चभन्दा वास्तविक सञ्चालन तथा सम्भार खर्च फरक पर्न गएमा उल्लेखित दायरा भन्दा बढी नहुने गरी वास्तविक सञ्चालन तथा सम्भार खर्चलाई आधारमा लिइनेछ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि "जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माणको पूँजीगत लागत" भन्नाले निर्माण अवधिको व्याजदर, निर्माणका अवधिमा भैपरी आउने खर्चहरु, पुनर्वास तथा स्थानान्तरणसम्बन्धी कार्य, प्रभाव न्यूनीकरण खर्चहरु बाहेकको पूँजीगत लागत सम्झनु पर्दछ।

(३) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विद्युत खरिद बिक्री दर पुनरावलोकन वा पुनः निर्धारण गर्दा प्रत्येक बर्षको सञ्चालन तथा मर्मत खर्च अघिल्लो आर्थिक बर्षको तुलनामा देहायबमोजिम निर्धारण गरिएको दरले वृद्धि (इस्क्यालेसन) भएको मानिनेछः

| |
|---|
| बार्षिक वृद्धि दर = ०.७० X उपभोक्ता मुल्य सूचकाङ्क$_{५}$ + ०.३० X थोक मुल्य सूचकाङ्क$_{५}$ |

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि :-,

(क) उपभोक्ता मुल्य सूचकाङ्क$_{५}$ भन्नाले नेपाल राष्ट्र बैंकद्वारा जारी उपभोक्ता मूल्य सूचकाङ्क (कन्ज्युमर प्राइस इन्डेक्स) मा भएको सन्दर्भ बर्ष भन्दा पाँच बर्ष अघि देखि सन्दर्भ बर्षको अघिल्लो बर्ष सम्मको बार्षिक वृद्धिको औसत सम्झनु पर्छ।

(ख) थोक मुल्य सूचकाङ्क$_{५}$ भन्नाले नेपाल राष्ट्र बैंकद्वारा जारी थोक मूल्य सूचकाङ्क (होलसेल प्राइस इन्डेक्स) मा भएको सन्दर्भ बर्ष भन्दा पाँच बर्ष अघि देखि सन्दर्भ बर्षको अघिल्लो बर्ष सम्मको बार्षिक वृद्धिको औसत सम्झनु पर्छ।

मस्यौदा

१६. <u>स्वपूँजी लगानी बापतको प्रतिफल</u> : अनुमतिपत्र प्राप्त व्यक्तिको लागि दफा २३ बमोजिम निर्धारण गरिएको स्वपूँजीमा स्वपूँजी लगानी बापतको प्रतिफल गणना गरिनेछ र जलाशययुक्त विद्युत उत्पादन केन्द्रको लागि स्वपूँजीको प्रतिफल अधिकतम दर सत्र प्रतिशत हुनेछ।

१७. <u>चालु पूँजी ऋणको व्याज</u> : (१) जलाशययुक्त उत्पादन केन्द्रको सञ्चालनका लागि लिइने चालु पूँजी ऋणको ब्याज गणना गर्दा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने नेपालका सबै वाणिज्य बैंकहरु ("क" बर्ग) को आधार दर (बेस रेट) सम्बन्धी विवरण अनुरुप गणना गरिएको पछिल्लो पाँच आर्थिक बर्षको अन्तिम महिना (आषाढ) को औसत आधार दर (बेस रेट) मा दुई सय पचास आधार विन्दु (बेसिस पोइन्ट) थप गरी निर्धारण गरिनेछ।

(२) विद्युत खरिद बिक्री दर निर्धारण, पुनरावलोकन वा पुनः निर्धारण प्रयोजनको लागि उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिको चालु पूँजी रकमको आवश्यकता देहायबमोजिमको रकम भन्दा बढि हुने छैन :

(क) एक महिनाको लागि पर्याप्त हुने कर्मचारीको खर्चसहितको सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) रकम,

(ख) सञ्चालन र मर्मत (अपरेसन एण्ड मेन्टेनेन्स) खर्चको बीस प्रतिशत हुने गरी गणना गरिएको सम्भार मौज्दात (मेन्टेनेन्स स्पेयर) बराबरको रकम, र

(ग) विद्युत खरिद बिक्री दरको आधारमा गणना गरिएको पैंतालिस दिनको अपेक्षित आय बराबरको रकम।

<u>स्पष्टीकरण</u>: "सञ्चालन र मर्मत खर्च" अन्तर्गत रोयल्टी बापतको रकम समावेश गरिने छैन।

(३) यो निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम खरिद बिक्री दर पुनः निर्धारण गर्दा चालु पुँजी ऋणको वास्तविक ब्याज दर उपदफा (१) बमोजिम निर्धारण गरिएको व्याजदर भन्दा बढी भएको अवस्थामा उपदफा (१) बमोजिम निर्धारण गरिएको ब्याज दर नै प्रयोग हुनेछ।

तर, वास्तविक ब्याजदर उपदफा (१) बमोजिम निर्धारण गरिएको ब्याजदर भन्दा कम भएमा खरिद बिक्री दर पुनः निर्धारण प्रयोजनको लागि वास्तविक ब्याजदर नै प्रयोग गरिनेछ।

१८. <u>विदेशी मुद्रा विनिमय बापतको खर्च</u> : विद्युत बिक्रीकर्ताले हेजिङ्ग गरी विदेशी निकायबाट लिएको ऋण जुन विनिमय दरमा लिएको हो ऋण भुक्तानी अवधि भर त्यही विनिमय दरमा कायम राख्न

मस्यौदा

लाग्ने शुल्कबापतको वास्तविक खर्चलाई विदेशी मुद्रा विनिमय बापतको खर्चको रुपमा समावेश गर्न सकिनेछ।

१९. <u>रोयल्टी</u> : रोयल्टीको गणना प्रचलित कानूनले तोके बमोजिम गरिनेछ।

२०. <u>आयकर</u> : आयकरको गणना प्रचलित कानूनले तोके बमोजिम गरिनेछ।

२१. <u>निर्माणको पूँजीगत लागत</u> : (१) जलाशययुक्त उत्पादन केन्द्रहरुको विद्युत खरिद बिक्री सम्झौता तथा विद्युत खरिद बिक्री दर निर्धारण, पुनरावलोकन तथा पुनः निर्धारणका लागि निर्माणको पूँजीगत लागत अन्तर्गत देहाय बमोजिमका रकमहरु रहनेछन्:

(क) जलाशययुक्त उत्पादन केन्द्रका लागि आवश्यक जग्गा खरिद तथा निर्माणको अवधिमा भाडाबापतको रकम,

(ख) निर्माण-पूर्वको अनुमतिपत्र, विद्युत खरिद बिक्री सम्झौता, आयोजना अध्ययन, भौतिक संरचना निर्माण, आदि सम्बन्धी गतिविधिको रकम,

तर अनुपतिपत्र प्रदान गर्ने निकाय बाहेक अन्य व्यक्ति वा अनुमतिपत्र प्राप्त व्यक्तिसँग अनुपतिपत्र खरिद बिक्री गरेको अवस्थामा सो सँग सम्बन्धित खर्चहरु आयोगले विवेकसम्मत परीक्षण पश्चात कायम भएबमोजिम हुनेछ।

(ग) पूँजीगत कार्य (संरचना र उपकरणहरु जस्तै बाँध, जलाशय, इन्टेक, सुरुङ, विद्युत गृह, स्विचयार्ड/सबस्टेसन निर्माण र त्यसमा रहेको उपकरण तथा मेसिनरी जडानको लागत, स्वीचयार्ड/सबस्टेशन देखि राष्ट्रिय प्रसारण ग्रिडको कनेक्सन विन्दुसम्मको विद्युत प्रसारण लाइन निर्माण, तथा जलाशययुक्त विद्युत उत्पादन केन्द्रको परीक्षण, आदि) बापतको रकम,

(घ) जलाशययुक्त उत्पादन केन्द्र सञ्चालन पूर्वको व्यवस्थापन रकम,

(ङ) भैपरी (कन्टिन्जेन्सी) लागत वापतको रकम,

तर व्यवसायिक उत्पादन सुरु भइसकेपछि दफा ५ वमोजिम विद्युतको खरिद बिक्री दर पुनः निर्धारण गर्दा यस्तो खर्च समावेस गरिने छैन ।

(च) पुनर्वास, पुनर्स्थापना तथा वातावरणीय प्रभाव न्यूनीकरणसम्बन्धी रकम,

(छ) प्रारम्भिक मौज्दात् (स्पेयर) बापतको रकम,

(छ) निर्माण अवधिको व्याज, विदेशी मुद्रा विनिमयवापतको खर्च तथा अन्य वित्तीय खर्चको रकम।

(२) यो निर्देशिका बमोजिम विद्युत खरिद बिक्री दर निर्धारणका लागि वित्तीय विश्लेषण गर्दा विद्युत विकास विभागले जारी गरेका दिग्दर्शन (गाइडलाइन) बमोजिम तयार गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लिखित लागत, विद्युत खरिद बिक्री दरमा प्रथम पटकको पुनरावलोकन गर्दा मुख्य संरचनाहरुको ठेक्का सम्झौताबमोजिमको रकम र अन्तिम पुनरावलोकन गर्दा आयोजना निर्माणको यथार्थ लागतलाई पूँजीगत खर्च गणनाको प्रमुख आधारको रुपमा लिनु पर्नेछ।

२२. <u>अतिरिक्त पूँजीगत कार्यसम्बन्धी व्यवस्था</u> : (१) दफा ५ बमोजिम विद्युत खरिद बिक्री दरको पुनः निर्धारण गर्दा प्रस्तावित गरिएको वा भइसकेको अतिरिक्त पूँजीगत कार्य बापतको खर्च समेतलाई आधारमा लिन सकिनेछ।

तर, काबु बाहिरको परिस्थिति बाहेकका अवस्थामा व्यापारिक उत्पादन सुरु हुने मितिले पन्ध्र बर्षभित्रको अवधिमा हुने अतिरिक्त पूँजीगत कार्य बापतको कुनै पनि लागतलाई दर निर्धारण प्रयोजनको लागि प्रयोग गरिने छैन।

(२) विद्युत बिक्रीकर्ताले विद्युत खरिद बिक्री दरको पुनः निर्धारणको लागि उपदफा (१) बमोजिमको अतिरिक्त पूँजीगत कार्य देहायबमोजिमका कुनै अवस्थाहरुमा मात्र विद्युत खरिदकर्ताले प्रस्तावित अतिरिक्त पूँजीगत खर्च आधारमा लिइनेछ।

(क) बाढी, पहिरो, भूकम्प, आदि लगायत भवितव्यका कारण सिर्जित परिस्थितिहरुका कारण भएको क्षति पश्चात जलाशययुक्त उत्पादन केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन थप लगानी आवश्यक देखिएमा,

(ख) जलाशययुक्त उत्पादन केन्द्रमा हुने सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक देखिएमा,

(ग) अनुमतिपत्र अवधि भर जलाशययुक्त विद्युत उत्पादन केन्द्रको सञ्चालन सुनिश्चित गर्न।

(३) उपदफा (१) बमोजिमको अतिरिक्त पूँजीगत कार्य बापतको खर्च २० करोड सम्म भएमा आयोगको पूर्व–स्वीकृति बिनै गर्न सकिनेछ र त्यस पश्चात हुने पुनः निर्धारणको समयमा आवश्यक जाँचबुझ पश्चात आयोगले स्वीकृत गर्न सक्नेछ।

तर,



मस्यौदा

(क) २० करोड सम्मको अतिरिक्त पूँजीगत कार्य सुरु गरिएको जानकारी सहित अतिरिक्त पूँजीगत लगानी गर्नु पर्ने कारण र सो को प्रतिवेदन सहित विद्युत खरिदकर्ता र आयोगलाई समय मै जानकारी गराउनु पर्नेछ।

(ख) २० करोड माथिको जुनसुकै अतिरिक्त पूँजीगत कार्य गर्नु पर्दा अतिरिक्त पूँजीगत लगानी गर्नु पर्ने कारण र सो को प्रतिवेदन सहित आयोगको पूर्व–स्वीकृतिको लागि पेस गर्नु पर्नेछ।

२३. <u>ऋण–स्वपूँजी अनुपात</u> : (१) विद्युत खरिद बिक्री दर निर्धारणको प्रयोजनका लागि जलाशययुक्त विद्युत उत्पादन केन्द्रको निर्माणमा लगानी हुने वा भएको ऋण र स्वपूँजीको अनुपात तय गर्दा स्वपूँजीको प्रतिशत तीस प्रतिशत भन्दा बढी हुने छैन।

तर, स्वपूँजी प्रतिशत तीस प्रतिशतभन्दा अधिक भएमा विद्युत खरिद बिक्री दर निर्धारणको प्रयोजनका लागि स्वपूँजीको प्रतिशत तीस प्रतिशत मानिनेछ।

(३) वैदेशिक मुद्रामा स्वपूँजी लगानी गरिएको अवस्थामा विद्युत खरिद बिक्री दर निर्धारण प्रयोजनको लागि त्यस्तो लगानी तय भएको मितिको विनिमय दरले हुन आउने नेपाली रुपैयाँलाई स्वपूँजीको रुपमा लिनु पर्नेछ।

(४) दफा २२ बमोजिमको अतिरिक्त पुँजीगत कार्य गर्दा समेत यस दफा अनुरुपको व्यवस्था लागू हुनेछ।

२४. <u>ऊर्जा तालिका</u> : (१) विद्युत खरिद बिक्री दर निर्धारणको लागि निवेदन दिँदा विद्युत बिक्रीकर्ताले विद्युत खरिदकर्तासमक्ष प्रस्तावित ऊर्जा तालिका समेत प्रस्ताव गर्नेछ।

(२) विद्युत खरिदकर्ताले उपदफा (१) बमोजिमको प्रस्तावित ऊर्जा तालिकाको अध्ययन गरी आवश्यक परिमार्जन गर्न सक्नेछ।

तर ऊर्जा तालिका परिमार्जन गर्नु परेमा त्यस्तो परिमार्जनको आधार तथा कारणसम्बन्धमा विद्युत बिक्रीकर्तालाई लिखितमा जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको तालिका बमोजिम ऊर्जा उपलब्ध गराउनु विद्युत बिक्रीकर्ताको जिम्मेवारी हुनेछ।

मस्यौदा

(४) दफा ५ बमोजिम विद्युत खरिद बिक्री दरको पुनः निर्धारण गर्दा उपदफा (१) बमोजिमको ऊर्जा तालिका संसोधन गर्न सकिनेछ।

(५) ऊर्जा तालिकामा देहाय बमोजिमको विवरणहरु समेत उल्लेख हुनुपर्नेछः

(क) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको जडित क्षमता (मेगावाट),

(ख) उत्पादन एकाइहरुको निरन्तर ओभरलोडिङ् गर्न सकिने क्षमता (प्रतिशत),

(ग) उत्पादन एकाइको संख्या तथा उत्पादन एकाइहरुको जडित क्षमता (मेगावाट),

(घ) उत्पादन एकाइहरुको टर्बाइन तथा जेनेरेटरको र दक्षता (इफीसीएन्सी`) (प्रतिशत),

(ङ) प्रत्येक महिनाको खुद हेड (नेट हेड) तथा औसत वाहब (डिस्चार्ज),

(च) जलाशययुक्त उत्पादन केन्द्र पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने अवधि (घण्टा),

(छ) मासिक औसत कुल उत्पादन क्षमता (मेगावाट) र मासिक कुल उत्पादन (मेगावाट-घण्टा)

(ज) कनेक्सन बिन्दुसम्मको प्रसारण लाइनको मासिक नोक्सानी (मेगावाट-घण्टा),

(झ) मासिक करार ऊर्जा (मेगावाट-घण्टा),

(ञ) कुल सुख्खा तथा बर्षा यामको करार ऊर्जा (मेगावाट-घण्टा),

(ट) सुख्खा यामको लागि मासिक पिक र नन पिक अवधिमा उपलब्ध गराउने करार ऊर्जा (मेगावाट-घण्टा),

(ठ) आवश्यक अन्य विषय।

<u>स्पष्टीकरणः</u> मासिक कुल उत्पादनको अर्थ कुनै उत्पादन एकाइ वा समग्र जलाशययुक्त उत्पादन केन्द्रको पावर ट्रान्सफर्मरको हाइ-भोल्टेज साइडमा उपलब्ध हुने विद्युतीय ऊर्जाको परिमाण हुनेछ।

२५. <u>आन्तरिक खपत</u>: (१) विद्युत खरिद बिक्री निर्धारण, पुनरावलोकन वा पुनः निर्धारण गर्दा ऊर्जा तालिकामा जलाशययुक्त विद्युत उत्पादन केन्द्रको आन्तरिक खपत उत्पादन केन्द्रको मासिक कुल उत्पादन (मेगावाट) को प्रतिशतभन्दा बढि नहुने गरी देहायबमोजिम गणना गरिनेछः

मस्यौदा

| उत्पादन केन्द्रको प्रकार | जलाशययुक्त विद्युत उत्पादन केन्द्रको आन्तरिक खपत | |
| --- | --- | --- |
| | २०० मेगावाट भन्दा बढी जडित क्षमता | २०० मेगावाट सम्मको जडित क्षमता |
| <u>सतहमा पावरहाउस भएका उत्पादन केन्द्र</u> | | |
| १. स्ट्याटिक एक्साइटेसन सहितको जलाशययुक्त उत्पादन केन्द्र | १.० प्रतिशत | १.२ प्रतिशत |
| २. अन्य एक्साइटेसन प्रणाली सहितको जलाशययुक्त उत्पादन केन्द्र | ०.७ प्रतिशत | ०.७ प्रतिशत |
| <u>भूमिगत पावरहाउस भएका उत्पादन केन्द्र</u> | | |
| ३. स्ट्याटिक एक्साइटेसन सहितको जलाशययुक्त उत्पादन केन्द्र | १.२ प्रतिशत | १.३ प्रतिशत |
| ४. अन्य एक्साइटेसन प्रणाली सहितको जलाशययुक्त उत्पादन केन्द्र | ०.९ प्रतिशत | ०.९ प्रतिशत |

(२) उत्पादन केन्द्रसंग सम्बन्धित आवासगृह तथा निर्माण गतिविधिहरुका लागि प्रयोग गरिने ऊर्जा आन्तरिक खपत मानिने छैन।

(३) उपदफा (१) बमोजिमको आन्तरिक खपत पुनर्निर्धारणको अवधिमा विगत ५ बर्षको यथार्थ आन्तरिक खपतको आधारमा उपदफा (१) मा उल्लेख गरेभन्दा बढी नहुने गरी पुनःनिर्धारण गरिनेछ।

२६. <u>कनेक्सन बिन्दुसम्मको प्रसारण लाइन नोक्सानी</u> : विद्युत खरिद बिक्री निर्धारण, पुनरावलोकन वा पुनः निर्धारण गर्दा ऊर्जा तालिकामा उत्पादन केन्द्र देखि राष्ट्रिय प्रसारण ग्रिडको कनेक्सन बिन्दुसम्म हुने प्रसारण लाइनमा हुने नोक्सानी (ट्रान्समिसन लस) विष्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित प्रसारण लाइन भोल्टेज, प्रसारण लाइनको लम्बाई, प्रसारण लाइनको सर्किट संख्या तथा प्रसारण लाइनमा प्रयोग हुने प्रवाहक तार (कन्डक्टर) को प्राविधिक विशेषता (टेक्निकल स्पेसीफिकेसन) का आधारमा निर्धारण गरिनेछ।

मस्यौदा

## परिच्छेद – ५

## <u>विद्युत खरिद बिक्री दर निर्धारण पद्दति</u>

२७. <u>विद्युत खरिद बिक्री दर निर्धारण पद्दति र सो को छनौट</u> : (१) जलाशययुक्त उत्पादन केन्द्रबाट उत्पादित विद्युतको खरिद बिक्री दरको निर्धारण एकल वा दुई भाग पद्दति अन्तर्गत निर्धारण हुन सक्नेछ।

(२) विद्युत खरिदकर्ताले उपदफा (१) बमोजिम एकल वा दुई भाग मध्ये कुनै एक पद्दतिको छनौट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विद्युत खरिदकर्ताले एकल भाग पद्दति बमोजिम विद्युत खरिद गर्न चाहेमा विद्युत बिक्रीकर्ताले जलाशययुक्त उत्पादन केन्द्रबाट उत्पादित ऊर्जा बापत मात्रको विद्युत खरिद बिक्री दर प्राप्त गर्नेछ।

(४) उपदफा (२) बमोजिम विद्युत खरिदकर्ताले दुई भाग पद्दति बमोजिम विद्युत खरिद गर्न चाहेमा विद्युत बिक्रीकर्ताले जलाशययुक्त उत्पादन केन्द्रबाट उत्पादित ऊर्जा बापतको विद्युत खरिद बिक्री दर र जलाशययुक्त उत्पादन केन्द्रको घोषित उपलब्धतामा आधारित दफा ३३ बमोजिमको रकम प्राप्त गर्नेछ।

(५) उपदफा (४) बमोजिम दुई भाग पद्दतिमा विद्युत खरिद बिक्री दर निर्धारण भएता पनि दीर्घकालीन ऋण चुक्ताको अवधि समाप्त भएपश्चात विद्युत खरिदकर्ताले एकल भाग पद्दतिमा विद्युत खरिद गर्नु पर्नेछ।

२८. <u>मौसमी दर लागू हुने</u> : दफा २७ को उपदफा (३) वा (४) बमोजिम विद्युत खरिद बिक्री दर गणना गर्दा विद्युत खरिद बिक्री दरको गणनाका लागि सुख्खा र वर्षायामको लागि अलग–अलग मौसमी दर लागू हुनेछ।

२९. <u>एकल भाग पद्दति अन्तर्गत बार्षिक स्थिर लागतको गणना</u> : जलाशययुक्त विद्युत उत्पादन केन्द्रको बार्षिक स्थिर लागत देहाय बमोजिमको योगफल बराबर हुनेछः

(क) ह्रासकट्टी,

(ख) दीर्घकालीन ऋण तथा मानक ऋणको ब्याज,

(ग) संचालन तथा मर्मत खर्च,

मस्यौदा

(घ) चालु पूँजीको व्याज,

(ङ) स्वपूँजी लगानी बापतको प्रतिफल,

(च) विदेशी मुद्रा विनिमय बापतको खर्च,

(छ) रोयल्टी,

(ज) आयकर।

३०. <u>एकल भाग पद्धति अन्तर्गत विद्युत खरिद बिक्री दरको निर्धारण</u> : (१) एकल भाग पद्धति अन्तर्गत बर्षा यामको विद्युत खरिद दर प्रति युनिट देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{जलाशययुक्त विद्युत उत्पादन केन्द्रको बार्षिक स्थिर लागत (रुपैयाँ)} \times \text{बर्षा यामका महिनाको संख्या}}{\text{बर्षा यामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{बार्षिक उत्पादन उपलब्धताको मानक प्रतिशत}}$$

(२) कुनै पनि बर्षका लागि सुख्खायामको विद्युत खरिद दर प्रति युनिट देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{जलाशययुक्त विद्युत उत्पादन केन्द्रको बार्षिक स्थिर लागत (नेपाली रुपैयाँ)} \times \text{सुख्खा यामका महिनाको संख्या}}{\text{सुख्खा यामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{बार्षिक उत्पादन उपलब्धताको मानक प्रतिशत}}$$

३१. <u>दुई भाग पद्धति अन्तर्गत बार्षिक स्थिर लागत</u> : (१) दुई-भाग पद्धतिमा सम्बन्धित विद्युत बिक्रीकर्ताको बार्षिक स्थिर लागत अलग अलग रुपमा क्षमता र ऊर्जा मार्फत उठाइने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम क्षमता मार्फत उठाइने बार्षिक स्थिर लागत गणना गर्दा देहायबमोजिमका लागतहरु समेटिनेछ।

(क) ऋणको मूलधनको बार्षिक किस्ता,

(ख) दिर्घकालीन ऋणको ब्याज खर्च तथा मानक ऋणको ब्याज,

(ग) विदेशी मुद्रा विनिमय बापतको खर्च।

(३) उपदफा (१) बमोजिम ऊर्जा मार्फत उठाइने बार्षिक स्थिर लागत गणना गर्दा देहायबमोजिमका लागतहरु समेटिनेछ।

(क) चालु पूँजीको व्याज,

(ख) स्वपूँजी लगानी बापतको प्रतिफल,

(ग) मर्मत तथा सम्भार खर्च,

(घ) रोयल्टी,

(ङ) आयकर,

(च) ह्रासकट्टीमा ऋणको मूलधनको बार्षिक किस्ता घटाइँदा प्राप्त हुने रकम।

३२. <u>दुई भाग पद्धतिअन्तर्गत दर निर्धारण</u> : (१) बर्षायामको प्रयोजनको लागि दुई भाग पद्धतिअन्तर्गत प्रति युनिट विद्युत खरिद बिक्री बिक्री दरको निर्धारण देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{ऊर्जा मार्फत उठाइने बार्षिक स्थिर लागत (नेपाली रुपैयाँ)} \times \text{बर्षा यामका महिनाको संख्या}}{\text{बर्षा यामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{बार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

(२) सुख्खायामको प्रयोजनको लागि दुई भाग पद्धतिअन्तर्गत प्रति युनिट विद्युत खरिद बिक्री बिक्री दरको निर्धारण देहायबमोजिम निर्धारण हुनेछः

$$= \frac{\text{ऊर्जा मार्फत उठाइने बार्षिक स्थिर लागत} \times \text{सुख्खा यामका महिनाको संख्या}}{\text{सुख्खायामका महिनाको करार ऊर्जा (किलोवाट घण्टा)} \times \text{१२ (महिना)} \times \text{बार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

३३. <u>क्षमता मार्फत असुलिने बार्षिक स्थिर लागतको भुक्तानी</u> : (१) दफा ३१ को उपदफा (२) बमोजिम निर्धारण भएको रकमको भुक्तानी जलाशययुक्त विद्युत उत्पादन केन्द्रको मासिक औसत उपलब्धताका आधारमा विद्युत खरिदकर्ताले विद्युत बिक्रीकर्तालाई मासिक रुपमा भुक्तानी गर्नु पर्नेछ।

तर कुनै कारणबश प्रणाली सञ्चालकले विद्युत उत्पादनको सेड्युलिङ् नगरेको कारणले मात्र दफा ३१ को उपदफा (२) बापतको रकम भुक्तानीबाट विद्युत खरिदकर्ताले उन्मुक्ति पाउने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि महिनामा विद्युत बिक्रीकर्ताले प्राप्त गर्ने क्षमता मार्फत असुलिने बार्षिक स्थिर लागत देहायबमोजिम भुक्तानी गरिनेछः

$$= \frac{\text{क्षमता मार्फत असुलिने बार्षिक स्थिर लागत (रुपैयाँ)} \times \text{महिनामा दिनको संख्या} \times \text{सम्बन्धित महिनाको औसत उपलब्धता(प्रतिशत)}}{\text{बर्षमा दिनको संख्या} \times \text{बार्षिक उत्पादन उपलब्धताको मानक (प्रतिशत)}}$$

(३) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको कुनै पनि महिनाको औसत उपलब्धता प्रतिशतमा गणना गर्ने शुत्र देहाय बमोजिम हुनेछः

$$= \sum_{\text{क}=१}^{\text{स}} \frac{\text{क औं दिनको उपलब्ध क्षमता}}{\text{मासिक औसत कुल उत्पादन क्षमता} \times (\text{१} - \text{आन्तरिक खपत} - \text{प्रसारण लाइनको नोक्सानी})}$$

<u>स्पष्टिकरण</u>: यस उपदफाको प्रयोजनका लागि :-

(क) “आन्तरिक खपत”, “ट्रान्सफर्मर नोक्सानी” र “प्रसारण लाइनको नोक्सानी” प्रतिशतमा र “क औं दिनको उपलब्ध क्षमता” र “मासिक औसत कुल उत्पादन क्षमता” किलोवाटमा उल्लेख भएको सम्झनु पर्छ।

(ख) देहायका शब्दको अर्थ देहायबमोजिम हुनेछः

(अ) “स” भन्नाले उक्त महिनामा दिनको संख्या सम्झनु पर्छ।

(आ) “मासिक औसत कुल उत्पादन क्षमता” भन्नाले ऊर्जा तालिका बमोजिमको मासिक औसत कुल उत्पादन क्षमता सम्झनु पर्छ।

३४. <u>उपलब्ध क्षमताको घोषणा</u> : (१) विद्युत बिक्रीकर्ताको ऊर्जा तालिकामा उल्लेख भए बमोजिम सम्बन्धित महिनाको मासिक कुल उत्पादन क्षमतामा त्यस्तो तालिकामा उल्लेख भएको समय (घण्टा) भरी पूर्ण क्षमतामा संचालन हुन सक्ने भएमा मात्र शत प्रतिशत उपलब्ध क्षमता घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शत प्रतिशत पूर्ण क्षमता घोषणा गर्न नसकिने भएमा त्यस्तो अवधिभर निरन्तर उत्पादन गर्न सकिने क्षमताका आधारमा उपलब्ध क्षमताको घोषणा गर्नु पर्नेछ।

(३) कुनै पनि महिनाको मासिक औषत उपलब्धता गणना गर्न आवश्यक पर्ने उपदफा (१) वा उपदफा (२) बमोजिम प्रत्येक दिनको घोषित उपलब्ध क्षमता प्रणाली संचालकले विद्युत खरिदकर्तालाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपलब्धता घोषणा बराबर उत्पादन गर्न सक्ने क्षमता रहे वा नरहेको जाँच गर्न प्रणाली सञ्चालकले स्वयम् वा विद्युत खरिदकर्ताको अनुरोधमा कम्तीमा एक टाइमब्लकको लागि जलाशययुक्त उत्पादन केन्द्र सञ्चालन गर्ने गरी आकस्मिक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम आकस्मिक निर्देशन दिएको अवस्थामा उत्पादन केन्द्रले घोषित उपलब्ध क्षमता बराबरको ऊर्जा (मेगावाट) कनेक्सन विन्दुमा प्रदान गर्न नसकेमा दफा ३२ बमोजिमको रकम गणना गर्ने प्रयोजनको लागि त्यस्तो निर्देशन दिएको अवधिमा पुष्टि भएको उपलब्धता (डेमोन्सट्रेटेड एभाइलेबिलिटि) बराबर मासिक औसत उपलब्धता मानिनेछ।

३५. <u>विद्युत खरिद गर्नु पर्ने</u> : (१) विद्युत खरिदकर्ताले एकल भाग पद्दतिबमोजिमको दरका आधारमा विद्युत खरिद बिक्री सम्झौता गरेपश्चात जलाशययुक्त जलाशययुक्त विद्युत उत्पादन केन्द्रको व्यापारिक

उत्पादन सुरु हुनु पर्ने हुने मितिदेखि दफा २९ बमोजिम निर्धारित दरबमोजिम खरिद बिक्री सम्झौताको ऊर्जा तालिकामा उल्लेखित मासिक करार ऊर्जाभन्दा बढी नहुने गरी घोषणा गरेको विद्युत खरिद गर्नुपर्नेछ।

(२) विद्युत खरिदकर्ताले दुई भाग पद्दतिबमोजिमको दरका आधारमा विद्युत खरिद बिक्री सम्झौता गरेपश्चात जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विद्युत व्यापारिक उत्पादन सुरु हुनु पर्ने मितिदेखि दफा ३१ बमोजिम निर्धारित दरबमोजिम आवश्यकता अनुसार विद्युत खरिद गर्न सक्नेछ।

तर विद्युत खरिदकर्ताले विद्युत खरिद नगरेकै कारणले मात्र विद्युत बिक्रीकर्ताले अन्यत्र विद्युत बिक्री गर्न सक्ने छैन।

(३) व्यापारिक उत्पादन सुरु हुनु पर्ने मिति अगावै परीक्षण उत्पादन सम्पन्न भएको अवस्थामा विद्युत खरिदकर्ताले आवश्यक भएको अवस्थामा व्यापारिक उत्पादन सुरु हुनु पर्ने मितिदेखि लागू हुने दरमा विद्युत खरिद गर्न सक्नेछ।

(४) विद्युत खरिद बिक्री सम्झौताको ढाँचा आयोगले तोकेबमोजिम हुनेछ।

(५) विद्युत खरिद बिक्री सम्झौताको अवधि विद्युत उत्पादन अनुमतिपत्रमा उल्लेख भए अनुसार हुनेछ।

मस्यौदा

## परिच्छेद – ६

## विविध

३६. पूरक सेवा (एन्सिलरी सर्भिसेस्) प्रदान गर्नु पर्ने : (१) जलाशययुक्त उत्पादन केन्द्रले प्रणाली सञ्चालकको निर्देशनमा देहाय बमोजिमका पूरक सेवा प्रदान गर्नु पर्नेछ:

(क) लोड–फलोइङ्,

(ख) स्पिनिङ तथा नन्–स्पिनिङ रिजर्भ,

(ग) रिएक्टिभ पावर सपोर्ट,

(घ) ब्ल्याक स्टार्ट,

(ङ) प्रणाली संचालकले तोकेका अन्य सेवा।

(२) उपदफा (१) बमोजिम पूरक सेवा प्रदान गरे बापत विद्युत बिक्रीकर्ताले कुनै अतिरिक्त शुल्क प्राप्त गर्ने छैन।

तर दुई भाग पद्दति अन्तर्गत विद्युत विक्री गरिएको अवस्थामा पूरक सेवा बापत बिक्रीकर्ताले आयोगले तोके बमोजिमको रकम प्राप्त गर्नेछन्।

३७. सेड्युलिङ् र डिस्प्याच : जलाशययुक्त विद्युत उत्पादन केन्द्रको उत्पादनको सेड्युलिङ् र डिस्प्याच सम्बन्धी अन्य व्यवस्था ग्रिड कोडबमोजिम हुनेछ।

३८. विद्युत खरिद बिक्री दरको सीमा : (१) दफा ३ बमोजिम विद्युत खरिद बिक्री सम्झौताका लागि निवेदन पेस गर्दा जलाशययुक्त उत्पादन केन्द्रबाट उत्पादित विद्युतको खरिद बिक्रीका लागि यस निर्देशिकामा आधारित भएर वित्तीय विश्लेषण गर्दा त्यस्तो विद्युत उत्पादन केन्द्रको प्रथम बर्षको सुख्खा यामको दर अधिकतम ..... रुपैया प्रति युनिट र वर्षा यामको दर .... रुपैया प्रति युनिट भन्दा बढी हुनेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक सय मेगावाट भन्दा कम क्षमताका जलाशययुक्त जलविद्युत केन्द्रहरुको हकमा दफा १६ बमोजिमको स्वपूँजीको प्रतिफलको सीमा नरहने गरी विद्युत खरिद बिक्री सम्झौताको अवधि भर बार्षिक औसत विद्युत खरिद बिक्री

दर रू. ..... प्रति युनिट भन्दा नबढ्ने गरी दफा ३ बमोजिम विद्युत खरिद बिक्री सम्झौताका लागि निवेदन पेस गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमका आयोजनाहरुको हकमा दर पुनरावलोकन वा पुनः निर्धारण हुने छैन।

३९. विवाद समाधान : यो निर्देशिका बमोजिम निर्धारण हुने विद्युत खरिद बिक्री दर र सम्पन्न हुने विद्युत खरिद बिक्री सम्झौताका सम्बन्धमा उत्पन्न विवाद "विवाद समाधान सम्बन्धी विनियमावली, २०८२" बमोजिम समाधान हुनेछ।

४०. बाधा-अड्काउ समाधानको अधिकार : यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा ऐन तथा नियमावलीको विपरीत नहुने गरी त्यस्तो बाधा वा अड्काउको समाधान गर्ने अधिकार आयोगलाई हुनेछ।

४१. खारेजी र बचाउ : विद्युत खरिद बिक्री तथा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ को अनुसूची- ५ को खण्ड (३) खारेज गरिएको छ।

मस्यौदा

## अनुसूची– १

(दफा ३ सँग सम्बन्धित)

### निवेदनसंग पेश गर्नुपर्ने कागजात

(क) विद्युत बिक्रीकर्ताको कम्पनी/संस्था दर्ता प्रमाणपत्र,

(ख) विद्युत बिक्रीकर्ताको अद्यावधिक प्रबन्धपत्र, नियमावली तथा शेयर लगत,

(ग) विद्युत बिक्रीकर्ताको सञ्चालकहरुको विवरण,

(घ) स्थायी लेखा नम्बरको प्रमाणपत्र,

(ङ) कर चुक्ताको प्रमाणपत्र,

(च) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको उत्पादन अनुमतिपत्र,

(छ) जलाशययुक्त उत्पादन केन्द्रमा ऋण लगानी गर्ने वित्तिय संस्थाको मनसाय पत्र,

(ज) ग्रिड कनेक्सन सम्झौता,

(झ) विद्युत खरिदकर्ताले गरेको प्राविधिक तथा वित्तिय मूल्यांकन सम्बन्धी कागजात,

(ञ) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको विस्तृत विवरण (Salient Features),

(प) जलाशययुक्त विद्युत उत्पादन केन्द्रको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(फ) विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमतिको लागि निवेदन दिने सम्बन्धमा विद्युत बिक्रीकर्ताको सञ्चालक समितिको निर्णय,

(ब) अन्य आवश्यक कागजात तथा विवरणहरु।

मस्यौदा

## अनुसूची- २

(दफा ६ संग सम्बन्धित)

### विद्युत खरिद बिक्री दर निर्धारणबापतको सेवा शुल्क

१. दफा ३ को उपदफा (२) बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौतामा सहमतिका लागि निवेदन दिँदा:

(क) विद्युत खरिद बिक्री दर निर्धारण बापत : रू. ७,५००/- (एकमुष्ट)

(ख) विद्युत खरिद बिक्री सम्झौतामा सहमतिको लागि :

(अ) एक मेगावाटभन्दा माथि र एक हजार मेगावाटसम्मका आयोजनाहरुको लागि : रू. १०,०००/- (प्रति मेगावाट),

(आ) एक हजार मेगावाटभन्दा माथिका आयोजनाहरुको लागि : रू. १,२०,००,०००/- (एकमुष्ट)।

२. दफा ४ को उपदफा (२) बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण पुनरावलोकनको लागि निवेदन दिँदा हरेक पटक रू. ७,५००/- (एकमुष्ट)।

३. दफा ५ को उपदफा (४) बमोजिम विद्युत खरिद बिक्री दर पुनः निर्धारणको लागि निवेदन दिँदा हरेक पटक रू. ७,५००/- (एकमुष्ट)।

मस्यौदा

## अनुसूची– ३

(दफा ९ सँग सम्बन्धित)

### सञ्चालनसम्बन्धी प्राविधिक मापदण्ड

a. Parameters including but not limited to
    - Continous Overloading
    - Emergency overload limit
    - Emergency overload time
    - Minimum stable generation (MW)
    - Reactive power support ability
    - Ramp rate
    - Runback capacity
    - Cold start time
    - Warm start time
    - Minimum offline time
    - Minimum run time
    - Synchronization delay
    - Free Governor Mode Operation (FGMO),
    - Standards related to data telemetry, communication system up
    - Shutdown Initiation to Synchronization Time
    - Other operational constraints

b. Other parameters as suggested by LDC, Generation Plant Experts, etc.

मस्यौदा